# सुरक्षित आवासगृह (सेफ हाउस) संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

स्वीकृत मितिः- २०८० भाद्र २१

# सुरक्षित आवासगृह (सेफ हाउस) संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०

प्रस्तावनाः

घरेलुतथा महिला हिंसावाटपीडित तथाप्रभावितबालिका एवं महिलाहरुलाई तत्काल संरक्षण गर्न, न्याय दिलाउन र पारिवारिक सामाजिक मेलमिलाप कायम गराउने तर्फ सहजीकरण गर्दै समाजिक न्यायको प्रवर्द्धन एवं आधारभूत मानव अधिकारको प्रत्याभूतिका साथै प्रभावितको गोपनीयतालाई आत्मसात् गरी उक्त अविधि भर पिडितलाई सुरक्षित गर्नका लागि सिन्धुली जिल्लाका घरेलु तथा महिला हिंसाबाट पीडित महिला, किशोरी तथा बालबालिकाहरूलाई तत्काल अल्पकालीन सेवा र सुविधा उपलव्ध गराउन सिन्धुली जिल्लाका प्रत्येक स्थानीय तहहरुमा सुरक्षित आवास गृह (सेफ) हाउस सञ्चालन गर्न स्रोत, साधन उपलव्धताको स्थिति एवं मितव्ययीताको दृष्टिकोणले समेत सिन्धुली जिल्लाका सबै स्थानीय तहका अन्तर स्थानीय तह साझेदारी कायम गर्दै अपनत्व ग्रहण गर्न, सरोकारवाला साझेदारी संघ-संस्थाहरुको सहयोग, समन्वय र सहकार्यमा जिल्लामा एक साझा/एकिकृत सुरक्षित आवास गृहलाई जिल्लास्तरीय सुरक्षित आवास गृहको रुपमा स्रोत साधनयुक्त बनाई थप व्यवस्थित, सुदृढतथा स्तरोन्नति गरी संचालन गर्न र प्रभावितहरुलाई तत्काल अल्पकालीन सेवा-सुविधा उपलव्ध गराउन आवश्यक भएकोले यो कार्यविधि तयार गरिएको छ ।

---

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः १) यो कार्यविधिको नाम "सुरक्षित आवासगृह (सेफ हाउस) संचालनतथा व्यवस्थापन कार्यविधि, २०८०"हुनेछ ।

२) यो कार्यविधि तरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"सुरक्षित आवासगृह (सेफ हाउस) भन्नाले"व्यवस्थापन समितिसँग सम्झौता भएको महिला, किशोरी तथा बालबालिकालाई सुरक्षित एवं व्यवस्थित ढंगले राख्ने संस्थापर्दछ ।

(ख) "संयोजक " भन्नाले जिल्ला समन्वय समितिको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "सह-संयोजक" भन्नाले जिल्ला समन्वय समितिको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(घ) “प्रमुख” भन्नाले सबै स्थानीय तहका प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) “उपप्रमुख” भन्नाले सबै स्थानीय तहका उपप्रमुखलाई सम्झनु पर्दछ ।

(च)“अध्यक्ष” भन्नाले सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ)“लेखा उत्तरदायी व्यक्ति” भन्नाले कोष स्थापना गरिने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र लेखाको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) “निर्देशक समिति” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

(झ)“व्यवस्थापन समिति” भन्नाले यस कार्यविधिको दफा४ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

(ञ) “प्रभावित” भन्नाले घरेलु हिंसा वा लैंगिक हिंसामा परि घरबाट निकालिएका वा घरमा बस्न नसक्ने अवस्था भई वेसहारा एवं अलपत्रमा परेका तथा हिंसा खेपेका महिला, बालबालिका तथा किशोरीहरुलाई सम्झनु पर्दछ । सो शब्दले कुनै पनि क्षेत्रमा हिंसाजन्य व्यवहार, विभेद खेपेर बस्न बाध्य व्यक्तिलाई समेत जनाउँदछ ।

(ट) “OCMC” भन्नाले एकद्वार संकट व्यवस्थापन केन्द्र सम्झनु पर्दछ ।

(ज) “स्थानीय तह” भन्नाले सिन्धुली जिल्लाका सबै नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ ।

ठ)“कार्यालय” भन्नाले सुरक्षित आवास गृह संचालन हुने स्थानीय तहको कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

परिच्छेद-२

निर्देशक समिति

३.निर्देशक समितिः- १)सुरक्षित आवास गृहलाई व्यवस्थित रुपमा संचालनका लागि आवश्यक स्रोत जुटाउन एवं समन्वयकारी भूमिका खेली आवास गृह संचालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिनदेहाय् बमोजिमको निर्देशक समिति रहनेछ ।

क) संयोजक- जिल्ला समन्वय समितिको प्रमुख

ख) सह-संयोजक- जिल्ला समन्वय समितिको उपप्रमुख

ग) सदस्य- सबै स्थानीय तहका प्रमुखहरु

घ)सदस्य- जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि

ङ)सदस्य- कोष तथा लेखा नियन्त्रक कार्यालयको अधिकृत प्रतिनिधि

च)सदस्य- जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि

छ)सदस्य- सिन्धुली अस्पतालको प्रमुख

ज)सदस्य-सचिव-जिल्ला समन्वय अधिकारी

आवश्यकतानुसार विज्ञ व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

२) निर्देशक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः

क) सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन एवं बजेट व्यवस्थापनका लागि पहल गर्ने ।

ख) सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापनका लागि बार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

ग) सुरक्षित आवास गृह संचालन सम्बन्धी खर्चको मापदण्ड स्वीकृत गरी एवं लागूगर्न, आवश्यक राय, सल्लाह, सुझाव एवं परामर्श सहितसुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन समितिलाई निर्देश गर्ने।

घ) आवश्यकतानुसार सुरक्षित आवास गृहकोअनुगमन तथा नियमन कार्य गर्ने ।

ङ) सुरक्षित आवास गृहको प्रभावकारी संचालन तथा व्यवस्थापनका लागि निर्देशन दिने ।

च) आवास गृह व्यवस्थापन समितिको सिफारिसमा आवश्यकतानुसार बैठक बसी विभिन्न बाधा अड्काउ फुकाइ सरलीकृत गर्ने ।

छ) सुरक्षित आवास गृह संचालन तथा व्यस्थापन समितिबाट त्रैमासिकरुपमा प्रतिवेदन लिने ।

ज) व्यवस्थापन समितिले प्रचलित कानून अनुसार गरेको खर्चको एकीन गरी अनुमोदन गर्ने ।

झ) समितिको बैठक आवश्यकतानुसार बस्न सकिनेछ ।

ञ) निर्देशक समितिको बैठक भत्ता नेपाल सरकारले तोकेको प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-३

सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन समिति

४. सुरक्षित आवास गृहसंचालन तथा व्यवस्थापन समितिः १)असुरक्षित महसुस गरी न्याय माग्न आउने महिला, किशोरी र बालबालिकाहरुलाई सुरक्षित आवासगृहमा सुरक्षित तवरले तोकिएको समय सम्म राख्न र तत् सम्वन्धी आवश्यक व्यवस्था गर्न देहायको एक व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| १. कमलामाइ नगरपालिकाको उपप्रमुख | -संयोजक |
| २. सहकार्य गर्ने सबै स्थानीय तहका उपप्रमुख | -सदस्य |
| ३. जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि १ जना | -सदस्य |
| ४. अस्पताल (OCMC) का प्रतिनिधि १ जना | -सदस्य |
| ५. जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि १ जना | -सदस्य |
| ६.समितिले मनोनित गरेको महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने गै.स.स.को प्रतिनिधि | -सदस्य |

७. आवास गृह संचालन गर्ने स्थानीय तहको सामाजिक विकास शाखा प्रमुख -सदस्य-सचिव

२)सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार :

सुरक्षित आवासगृह व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः

(क)न्यायिक समिति, प्रहरी कार्यालय र सरोकारवाला निकायबाट जोखिममा रहेका, हिंसा पीडित महिला, किशोरी र बालबालिकाहरुको पहिचान गरी सुरक्षित साथआवास गृहमा राख्ने व्यवस्था गर्ने ।

(ख)सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापनका लागि बार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी निर्देशक समितिमा पेश गर्ने ।

(ग) सुरक्षित आवास गृह सञ्चालन व्यवस्थापनका लागि प्राप्त भएको रकम र कार्य प्रगतिकोप्रतिवेदन प्रत्येक त्रैमासिक समयावधि समापिको ७(सात) दिन भित्र निर्देशक समितिमा पेश गर्ने ।

(घ) महिला, किशोरी र बालबालिकाको स्वास्थ्य सुरक्षा र कानूनी सहायता सम्बन्धी कार्य गर्ने ।

(ङ) सुरक्षित आवास गृहको सुरक्षा व्यवस्थाको प्रवन्ध, अनुगमन तथा नियमन गर्ने ।

(च) प्रभावितका लागि ज्ञान सीप, साधन तथा श्रोत र सुरक्षा सम्वन्धीप्रवन्ध गर्ने ।

(छ) निर्देशक समितिबाट तोकिएको मापदण्ड अनुसार खर्च गराउने र निर्देशक समितिले दिएको सुझावको प्रभावकारी कार्यान्वयन गर्ने।

(ज) जोखिममा रहेका हिंसा पीडित महिला, किशोरी र बालबालिकाहरु अन्य स्थानमा पठाउनआबश्यकभएमा सोको सिफारिस गर्ने ।

(झ) सुरक्षित आवास गृह संचालनका लागि व्यवस्थापन समितिले निर्णय गरी स्वीकृत बजेट तथा कार्यक्रमको परिधी भित्र रही करार सेवामा आवश्यक विज्ञ वा कर्मचारी प्रचलित कानून बमोजिम व्यवस्था गर्ने। तर कर्मचारीराख्नु परेमा निश्चित अवधिको लागि करार सेवामा राख्नु पर्नेछ ।

(ञ) सेफ हाउस संचालन व्यबस्थापनको लागिआवश्यक सहकार्य गर्न संघ-संस्था छनौट तथा सम्झौता गर्ने ।

(ट) खर्च अनुमोदनका लागि निर्देशक समितिमा पेश गर्ने ।

(ठ) अन्य काम कर्तव्य र अधिकारनिर्देशक समितिलेतोके बमोजिम हुनेछ ।

(ड) यो कार्यविधि बमोजिम गठन हुनेव्यवस्थापन समितिको मनोनित प्रतिनिधिकोपदावधि ४ बर्षको हुनेछ ।

(ढ) समितिको बैठक आवश्यकतानुसार बस्न सकिनेछ ।

(ण) व्यवस्थापन समितिको बैठक भत्ता नेपाल सरकारले तोकेको प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद-४

आवास गृह संचालन तथा व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

५.कोषस्थापना:(१) हिंसा पीडित महिला, किशोरी र बालबालिका एवं प्रभावितको सुरक्षाका लागि कमलामाइ नगरपालिका रहने गरी जिल्ला स्तरीय एक सुरक्षित आवास गृहसंचालन तथा व्यवस्थापन कोष स्थापना गरिनेछ ।यो कोष आवर्ति (रिभल्भिङ फण्ड) कोषको रुपमा रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

क)संघीय सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) निर्देशक समितिको निर्णयानुसार सबै स्थानीय तहले व्यहोर्नु पर्ने रकम,

घ) गैर सरकारी संस्थाबाट प्राप्त रकम,

ङ) कुनै सहयोगी दाताले उपलब्ध गराएको रकम,

च) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम,

(३) उपदफा(२) बमोजिमको रकम राष्ट्रिय बाणिज्य बैंकमाखाता खोलि जम्मा गरिनेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएता पनि कुनै दाताले सहयोग उपलब्ध गराउँदा नगद वा जिन्सी दुबै उपलब्ध गराउन सक्नेछ । प्राप्त हुन आएको जिन्सीको कार्यालयले अभिलेख राख्नु पर्नेछ ।

(४) कोषको खाता संचालन सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन गरिने स्थानीय तहको लेखा उत्तरदायी व्यक्तिहरुको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

६. कोषको उपयोग:(१)कोषको रकम देहायानुसार खर्च गर्न सकिनेछ ।

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत, आर्थिक सहयोग तथा जिवीकोर्जन अनुदान उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) पुनर्स्थापना गराउन,

(च) पीडितको लागि व्यवस्थापन समितिले तोके बमोजिमको अन्य कार्यमा।

(छ) पीडितका लागि सीप तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापनसमितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी, हिंसा पीडित पुरुष वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:

(१) कोषको रकम दफा६ मा लेखिए बाहेकको अन्य कार्यमा कोषको रकम उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निर्देशक समितिको बैठक संचालन, आवास गृह संचालन तथा व्यवस्थापन समितिको सचिवालय एवं बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

स्पष्टीकरणः सेफहाउस सञ्चालन तथा व्यवथापनको लागि विनियोजित रकमको परिधी भित्र रहि घर भाडा, मालसामान, खानेकुरा,संचार, यातायात, कर्मचारी पारिश्रमिक, कार्यालय सामग्री, लक्षित व्यक्तिको लागि आवास व्याबस्थापन लगायत अन्य विविध भैपरी आउने खर्चहरु समेतलाई आधारमानी आवास गृह संचालन तथा व्यवस्थापन समितिको निर्णयानुसार निर्देशक समितिमबाट स्वीकृत गरी लागूहुनेछ ।

८. कोषको लेखा र लेखापरीक्षणः

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

परिच्छेद-५

सुरक्षित आवास गृह सम्बन्धी व्यवस्था

१०. न्यूनतम मापदण्डः१)प्रभावितको सुरक्षाको लागि आवास गृह व्यवस्थापनकोन्यूनतम मापदण्ड देहायानुसार रहनु पर्ने व्यवस्था गरिएको छ ।

(क) आवास गृह परिसरअन्तर्गत

१) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबेराले घेरिएको।

२) हाताभित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको ।

३) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको ।

४) सुरक्षाको दुष्टिकोणले उपयुक्त स्थान ।

(ख) आवास गृहमा रहने सुविधा

१) दुबैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरु

२) प्रत्येकका लागि छुट्टाछुट्टै खाट

३) प्रभावित बालबालिकाको लागि अलग्गै कोठा

४) मनोसामाजिक विमर्श ( Psychosocial counselor ) का लागि छुट्टै कक्ष

५) मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common Room)

६) शौचालय तथा स्नान कक्ष

७) साझा टेलिभिजन

८) ठाउँ हेरी पंखा, हिटर

९) श्रोत हेरी पर्याप्त पानीको सुविधा

१०) सुरक्षाका लागि आवश्यकता अनुसार पाले पहरा ।

(ग) लुगाफाटो

१) आफैंले उपलब्ध गराउन नसक्नेलाई एक-एक जोर चप्पल

२) आफैंले उपलब्ध गराउन नसक्नेलाई एकसरो लगाउने लुगा ।

(घ) खानेकुराः १) दैनिक खानेकुराको व्यवस्था निर्देशक समितिलेतोकेबमोजिम केन्द्र भित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ।

क) विहान चिया सँगै हल्का खाजा

ख) दिउँसो खाना

ग) अपरान्ह पूर्ण खाजा सँगै चिया

घ) बेलुकी खाना

ङ) मांसाहारीका लागि सातामा एकपल्ट माछा मासु

च) शाकाहारीहरुको हकमा दुध, दही, फलफुल

छ) उमालेको वा अन्यथा शुद्धिकरण गरिएको खानेपानी

(ङ) स्वास्थ्योपचारः १) सुरक्षित आवास गृह संचालन तथा व्यस्थापन समितिले तोकेको अस्पतालमा संरक्षणमा लिईएका प्रभावितकोस्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

क) प्राथमिक उपचार बाकस

ख) समस्या हेरी नियमित उपचार

ग) आकस्मिक उपचार

घ) बालबालिकाका हकमा उमेर अनुसार लगाउनु पर्ने खोप

(च) मनोसामाजिक विमर्शः १) सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (counselor) बाट देहायबमोजिम मनोसामाजिकविमर्श सेवा प्रदान गर्नु पर्दछ ।

क) संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा,

ख) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा,

ग) सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्नेव्यवस्था ।

(छ) कानूनी सेवा :१) देहायमा उल्लिखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

क) प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

ख) प्रभावित महिलाले प्रचलित कानून बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

(ज) सञ्चालनः १) आवास गृहको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ।

क) प्रभावित महिलालाई ममतामय, सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहार गर्नु पर्नेछ ।

ख) प्रभावित महिलाको पहिचानको आवश्यकता अनुसार गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरितकोकुनै पनि कार्य गर्न बाध्य पारिने छैन ।तोकेको अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही हुनेछ ।

घ) सेफहाउसको व्याबस्था सम्बन्धी जानकारी सूचना बोर्ड तयार गरी राख्नुपर्नेछ ।

(झ) जनशक्ति:

१) आवासगृह व्यवस्थापक

२) महिला वार्डेन १ जना

३) मनोविमर्शकर्ता १ जना (केसको आधारमा)

४) सफाइकर्मी आवश्यकतानुसार

(ञ) अभिलेख: १) आवासगृहले देहायबमोजिम अभिलेख राख्नुपर्नेछ ।

क) प्रभावितको नाम दर्ता किताब ।

ख) संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब ।

ग) प्रभावित व्यक्तिको व्यक्तिगत गोप्य फायल ।

घ) व्यवस्थापन समितिको निर्णय किताब ।

ङ) दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात।

च) स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पञ्जिका लगत ।

छ) व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख ।

(ट) मनोरञ्जनात्मक क्रियाकलाप: १) आवास गृहले प्रभावित महिला तथा उनीहरुका बालबालिकाको मनोरञ्जनको लागि निम्न बमोजिमको व्यवस्था प्रदान गर्नेछ ।

क) अध्ययनकोलागिविभिन्नसूचनामुलकपत्रपत्रिकातथापुस्तकहरुकोव्यवस्थागरिनेछ।

ख) सामुहिक रुपमा हेर्न मिल्ने गरी प्रभावितहरुको लागि टेलिभिजनको व्यवस्था गरिनेछ ।

ग) समय समयमा प्रभावितहरुको लागि अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

घ) प्रभावितहरुको संस्कार र संस्कृति संरक्षणको लागि मुख्य चाडपर्वहरु जस्तै तीज, दशैं, तिहार, छठ, ल्होछार आदि मनाउने व्यवस्था गरिनेछ ।

(ठ) शिक्षा तथा सीपमूलक तालिमः १) आवास गृहमा रहेका प्रभावित महिलाहरुका लागि उनीहरुको ईच्छा तथा आवश्यकता अनुसार सीपमुलक तालिम प्रदान गरिनेछ । यसरी प्रदान गरिने सीपमूलक तालिम देहाय बमोजिमको हुनेछः

क) प्रत्येक प्रभावितको लागि आवास गृहले प्रशिक्षक सहितको दैनिक सिलाई बुनाई लगायतका तालिम संचालन गर्नेछ । उक्त तालिम दैनिक २ घण्टाको हुनेछ ।

ख) प्रत्येकप्रभावितहरुकोलागिआवासगृहलेप्रशिक्षकसहितकोदैनिकसाक्षरताकक्षासंचालन गर्नेछ। उक्त कक्षा दैनिक २ घण्टाको हुनेछ ।

ग) सहभागीहरुको साक्षरता कक्षाको प्रभावकारिता मूल्याङ्कनको लागी प्रि-टेष्ट र पोष्ट-टेष्ट गरी त्यसकोअभिलेख राखिनेछ ।

घ) प्रत्येक प्रभावितहरुको क्षमता अभिवृद्धिका लागी जीवनउपयोगी सीप तथा सचेतनामुलक कक्षाहरु संचालन गरिनेछन् ।

ङ) प्रभावित महिलाहरुलाई कुनैपनि सीपमुलक तालिम छनौट गर्नुपूर्व त्यसबारेमा आवश्यक जानकारी र त्यसबाट हुने फाइदा तथा बेफाईदाहरुको बारेमा जानकारी गराईनेछ ।

च)प्रभावितहरुले छनौट गरेको तालिम प्रदान गर्नको लागि विभिन्न तालिम प्रदायक संस्थाहरुसंग समन्वय गरिनेछ । तालिमको प्रकृति अनुसार उक्त तालिमहरु संचालन गर्न सकिनेछ ।

सीपमूलक तालिमको लागि एक प्रभावित बराबर निर्देशक समितिले निर्धारण गरे बमोजिम खर्च गर्न सकिनेछ ।

(ड) लघु उद्यम स्थापनाः १) आवास गृहले प्रभावित महिलाहरुलाई जीविकोपार्जन तथा लघु उद्यम स्थापनाको लागि बीउ पुँजीको व्यवस्था गर्नेछ । उक्त सहयोगको मापदण्ड तथा प्रक्रिया निम्नानुसारको हुनेछ ।

क) कुनैपनि सीपमुलक तालिम नलिएका प्रभावित महिलाहरुलाई यस सहयोगको लागि प्राथमिकता दिईनेछ ।

ख) लघु उद्यम स्थापनाको लागि प्रभावित महिलाहरुको आवश्यकता अनुसार न्यूनतम रु १०,००० देखि अधिकतम रु २०,०००सम्मको बिउ पुँजी उपलब्ध गराईनेछ ।

ग) सिलाई कटाई तालिम सिकेका प्रभावित महिलाहरुको लागि सिलाई मेशिन उपलब्ध गराईनेछ जसमा मेशिनको जम्मा लागतको कम्तीमा ४०% रकम प्रभावित महिला स्वयंले व्यहोर्नु पर्नेछ।

(ढ) प्रभावित सेवा केन्द्रमा रहन सक्ने अवधिः १)प्रभावित महिलाका हकमा देहायको अवधिसम्म मात्र सुरक्षित आवास गृहमा राख्न सकिनेछ ।

क) सुरक्षित आवास गृह अन्तर्गत बढीमा ६० दिनसम्म र विशेष अवस्था परी निर्देशक समितिले विशेष निर्णय गरेकोमा थप १५ दिनसम्म । तर बिरामी उपचारको लागि अस्पताल बसेको खण्डमा यो दिन गणना हुने छैन ।

(ण) गुनासा तथा सुझावहरु:१) सुरक्षित आवास गृहमाको सेवाहरुलाई गुणस्तरीय तथा प्रभावकारी बनाउनको लागि सेवाग्राहीहरुका गुनासो तथा सुझावहरुलाई संकलन गरी आवश्यकता अनुसार सम्बोधन गरिनेछ । जसको प्रक्रिया निम्नानुसार हुनेछ ।

क)प्रभावितहरुको सेवासँग सम्बन्धित कुनै सुझाव तथा गुनासाहरु संकलन गर्नको लागि एउटा सुझाव पेटिका आवास गृहको हाताभित्र राखिनेछ ।

ख) सुझाव पेटिका प्रत्येक महिना कर्मचारीहरुको रोहबरमा खोलिनेछ ।

ग) उक्त गुनासाहरुको बिषयमा सुरक्षित आवास गृहमा कर्मचारीहरुको सासाहिक बैठकमा छलफल गरी आवश्यक निर्णयहरु गरिनेछ ।

घ) उक्त बैठकद्धारा सम्बोधन हुन नसक्ने सवालहरुलाई निर्देशन समिति बैठकमा पेश गरी आवश्यक निर्णयहरु गरिनेछ ।

## परिच्छेद- ६

### स्थानीय तहको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

११. स्थानीय तहको समन्वय र सहकार्य:१) सिन्धुली जिल्लाको सबै स्थानीय तहको साझा मुद्दाको रुपमा रहेकको लैंगिक हिंसाको न्यूनीकरण एवं लैंगिक हिंसाजन्य घटनाबाट पीडित महिला, बालिका तथा किशोरीहरुको संरक्षण गर्न र अन्तर स्थानीय तह सम्बन्धलाई अझ प्रघाढ बनाई यस्ता साझा समस्याको संयुक्त ढंगले प्रतिवाद गर्दै समुन्नत समाजको निर्माणका लागि कमलामाइ नगरपालिकामा संचालन भएको सुरक्षित आवास गृहलाई सुव्यवस्थित तवरले संचालन गरिनेछ ।

२)निर्देशक समितिको निर्णयानुसार आवश्यक बजेटको व्यवस्थापन गरी सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन कोषमा रकम जम्मा गर्नु ९ वटै स्थानीय तहको अनिवार्य दायित्व हुनेछ ।

३) सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापनका लागि कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिको निर्णयानुसार कमलामाइ नगर कार्यपालिकाको कार्यालयबाट खर्च हुनेछ । अत्यावश्यक अवस्थामा रु. ५० हजार रकम व्यवस्थापन समितिको सिफारिसमा कार्यालयले सिधै खर्च गर्न सक्नेछ ।यस्तो खर्चको रकम निर्देशन समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

३)व्यवस्थापन समितिको सिफारिसमा प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाले गरेको खर्चको भुक्तानी दिनु सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन गरिने स्थानीय तह कमलामाइ नगर कार्यपालिका कार्यालयको कर्तव्य हुनेछ ।

४)सरक्षित आवास गृह संचालनका लागि कोषमा प्राप्त भएको रकमको आम्दानी खर्चको विवरण कमलामाइ नगर कार्यपालिकाको कार्यालयले राख्नु पर्नेछ ।

५) प्रचलित कानून बमोजिम कोषको लेखापरीक्षण गराउने दायित्व कमलामाइ नगरपालिकाको हुनेछ ।

६) उपदाफा २ बमोजिम कोषमा अनिवार्य रकम जम्मा गर्नुको अलवा निर्देशक समितिको समन्वयमा आवश्यक स्रोत साधन उपलब्ध गराउनु सबै स्थानीय तहको कर्तव्य हुनेछ ।

७) कोषको खर्च प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन कार्यालयले सबै स्थानीय तहलाई अनिवार्य उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद-७

सेवा प्रदायक संस्था छनौट सम्बन्धी व्यवस्था

१२.सेवा प्रदायक संस्था छनौटः १)आवास गृहको संचालन तथा व्यवस्थापन समिति आफैंले वा सार्वजनिक सूचना प्रकाशन गरी ईच्छुक कुनै गैरसरकारी संस्थामार्फत् प्रस्ताव माग गरी आवास गृह संचालन गर्न सकिनेछ।

२)सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापनका लागि सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन समितिले आवश्यक सहकार्य गर्न संघ संस्था छनौट गरी सेवा प्रदायक संस्था मार्फत् सञ्चालन गराउनेछ ।

३) यसरी संस्था छनौट गर्दा अनुसूची-१ बमोजिम सुरक्षित आवास गृह संचालन गरिने स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धात्मक विधिबाट गर्नु पर्नेछ ।

४)ईच्छुक सेवा प्रदायक संस्थाले सूचना आह्वान गरिएको समयावधि भित्र अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

५) छनौटका सम्बन्धमा यसै क्षेत्रमा काम गरेका संघ संस्थालाई प्राथमिकता दिनु पर्नेछ । यसरी छनौट भएका संघ संस्थाबाट सम्बन्धित स्थानीय तहले अनुसूची-३ बमोजिमको ढाँचामा आपसी सम्झौता गरी कार्यसञ्चालन गर्नु पर्नेछ । यसरी एक पटक छनौट भएको सेवा प्रदायक संस्थाको कार्य सम्पादन सन्तोषजनक देखिएमा निर्देशक समितिको सिफारिसमा पुन निरन्तरता दिन सकिनेछ ।

६)यसरी सञ्चालन गरिएका सेफ हाउस सम्बन्धित स्थानीय तहले संचालन गरेमा सोको विवरण राखी सरोकारवाला निकायलाई जनाकारी गराउनु पर्दछ । यसै गरी कुनै गैरसरकारी संघ-संस्थाले स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार वा विभिन्न दातृ निकायको सहयोगमा सञ्चालन गर्न वा गरेको भएमा सो मा के कस्ता व्यक्ति राखे, के कति क्षमता रहने, के कस्तो प्रकृया आवश्यक हुने जस्ता विषय समावेश गरी सम्बन्धित स्थानीय तहमा दर्ता गराउनु पर्दछ ।

७) छनौट भएको संस्थाले सेफ हाउस सञ्चालन गर्ने सन्दर्भमा सेफ हाउस संचालनको लागि आवश्यक स्रोतको व्यवस्था संस्था आफैंले वा व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिले गर्नेछ । यसरी प्राप्त सहयोगको सहि सदुपयोग, पारदर्शिता र सोको विवरण सरोकारवालाहरुलाई उपलब्ध गराउनु सेवा प्रदायक संस्थाको कर्तव्य हुनेछ ।

७) यसरी संचालन भएका सेफ हाउसहरुले ३-३ महिनामा सेफ हाउसको विवरण अनुसूची- ४ को ढाँचामा सम्बन्धित स्थानीय तहको सामाजिक विकास शाखामा पेश गर्नु पर्दछ । यसरी पेश गरिएको विवरण अद्यावधिक गर्ने दायित्व सम्बन्धित स्थानीय तहको समाजिक विकास शाखाको हुनेछ ।

८) सेवा प्रदायक संघ संस्थाको काम कर्तव्य र अधिकार व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद-८

अनुदान व्यवस्था

१३.जीविकोपार्जन अनुदान : (१) पीडित व्याक्तिलाइ जिविकोपार्जन अनुदानको लागि व्यबस्थापन समितिबाट निर्णय भए बमोजिमको रकमउपलब्ध गराउन सकिनेछ ।

१४.**प्रभावितको पुनर्मिलन र सामाजिक पुनर्स्थापना:**प्रभावितको सामाजिक पुनर्स्थापना गर्ने प्रयास गरिनेछ। सोका निम्ती उसका अभिभावक वा घरपरिवारको जिम्मेवार व्यक्ति एवं संरक्षक सँग निरन्तर छलफल अन्तरक्रियामा लिखित प्रतिबद्धता लिई सकेपछि निजलाई अभिभावक र गाउँका भद्र भलादमी वा समुदायको रोहरवरमा घर परिवारमा फिर्ता गरिनेछ । संस्थाले बुझाएको कागज लिई सकेपछि उक्त कागज व्यक्तिगत फाईलमा राखी निजको व्यक्तिगत फाईल बन्द गरिन्छ र पुन: अर्को पटक आएमा त्यसै फाईलबाट कारवाही अगाडि बढाईनेछ ।

## परिच्छेद-९

## विविध

१. **अन्य आवश्यक व्यवस्था** : सुरक्षित आवासगृहका अन्य आवश्यक व्यस्था देहाय बमोजिम हुनेछ ।

(क) बालिका भएमा बाल बालिकासँग काम गर्ने विभिन्न संघ संस्था सँग समन्वय गरी बालिकाको लामो भविष्य सम्मको लागि उचित व्यवस्था गर्ने प्रयास गरिनेछ ।

(ख) महिलाहरुको लागि सीप सिक्ने तालिमहरु संचालनार्थअन्य सम्बन्धित संघ संस्थाहरुसँग सम्पर्क समन्वय राखि रिफर गरिनेछ ।

(ग) आवासगृहमा बसेका पीडित प्रभावित लाई भेट्न आउने व्यक्तिले पीडितको स्वीकृति भएमा मात्र भेट्न दिनु पर्नेछ । यसरी भेट्न आउने व्यक्तिले आवासगृहका कर्मचारीलाई पहिले नै जानकारी गराई अनुमति लिनु पर्नेछ ।

(घ) कार्यालय समय भित्र मात्र भेट्न पाईनेछ ।

(ङ) आवासगृहमा सरोकारवाला बाहेक अन्य पुरुषहरुको प्रवेश निषेध गरिनेछ ।

(च) केही काम परि पीडित महिला बाहिर जानु परेमा आवासगृहका कर्मचारीले लैजानु पर्नेछ ।

(छ) व्याबस्थापन समितिको निर्णय अनुसार अन्य व्यक्तिलाई प्रवेश गर्न दिइनेछ ।

(ज) आवासगृहमा बसेको व्यक्ति सम्बन्धित घटनाको विषयमा निश्चित फैसला नभए सम्म आवासगृह संचालन गर्नेसंस्थाको निगरानीमा रहनेछ । निगरानीमा रहुन्जेल सम्म घर जाने आउने वा बाहिर गई बस्ने र फेरि सुरक्षा केन्द्रमा फर्कने गर्न पाईने छैन । पीडित सँग भएको पैसा, मोबाइल लगायत अन्य सामानहरु संस्थाले सुरक्षित राख्नेछ ।

(झ) आवासगृहमा बस्नेहरुका लागि सामान्य पढ्न लेख्न मन भएकाहरु छन् भने उनीहरुका लागि आवश्यक सामग्रीहरुको व्यवस्था गरिनेछ ।

(ञ)पढेलेखेका महिलाहरुको लागि विभिन्न विषयसँग सम्बन्धित पुस्तक, लेख, रचना, दैनिक पत्रपत्रिकाहरु उपलब्धगराइनेछ ।

(ट) व्यवस्थापन समितिले आबश्यकता र समयानुसार सेवा सुविधाहरु थप्नका लागि वा परिमार्जन गर्नका लागिनिर्देशक समितिले दिईएको सुझावकार्यन्वयन गर्नुपर्नेछ ।

१६.**समयावधि**:पीडित लाई न्यूनतम १५ दिन सम्म वस्ने व्यवस्था हुनेछ । यदि सो भन्दा वढी वस्नु परेमा दफा ४ को व्यवस्थापन समितिको निर्णय अनुसार थप गरि वस्न पाइनेछ ।

१७.**कार्यविधिको व्याख्या**: यो कार्यविधिको अन्तिम व्याख्यादफा ३ बमोजिम गठित निर्देशक समितिले गर्नेछ ।

१८.**बाधा अड्काउ फुकाउने अधिकारः** १) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ एवं द्विविधा उत्पन्न भएमा सोको बाधा अड्काउ फुकाउने अधिकार निर्देशक समितिमा निहित रहनेछ।

१९.**बचाउ, परिमार्जन तथा संशोधनः**

(क) यस कार्यविधिलाई आवश्यकता अनुसार निर्देशक समितिले बचाउ, परिमार्जन तथा संशोधन गर्नसक्नेछ।

(ख)यो कार्यविधि सेफहाउस सम्बन्धी प्रचलित नेपाल सरकारको कानुन सँग बाझिन गएमा बाझिएको हदसम्म कार्यविधिमा लेखिएका कुराहरु अमान्य हुनेछन् ।

ग) यो कार्यविधि लागू हुनु पूर्व भए गरेका यस सँग सम्बन्धित कामकार्वाही यसै बमोजिम भएको मानिनेछ ।

२०. खारेजीः १) सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ खारेज गरिएकोछ ।

अनुसूची १

सूचनाको ढाँचा

..........पालिका

..........कार्यपालिकाको कार्यालय

.............., सिन्धुली

सेफ हाउस सञ्चालन गर्न स्थानीय साझेदार संघ-संस्था छनौटका लागि प्रस्ताव आह्वान गरिएकोसम्बन्धी १५ दिनेसार्वजनिक सूचना

सिन्धुली जिल्ला तथा अन्य क्षेत्रमा समेत रहेका लक्षित वर्ग महिला, किशोरी, बालबालिका जेष्ठ नागरिक, अपाङ्गता भएकाव्यक्ति एवं अन्य संरक्षण विहीन व्यक्तिहरुको संरक्षणको लागि आर्थिक वर्ष..........र.........को लागि सेफ हाउस सञ्चालन गर्नु पर्ने भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र सुरक्षित आवास गृह (सेफ हाउस) सञ्चालन कार्यविधि २०८० को अनुसूची-१ बमोजिमको ढाँचामा संलग्न कागजात सहित प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ । सुरक्षित आवास गृह (सेफ हाउस) सञ्चालन कार्यविधि, २०८०.........पालिकाको वेबसाइट (www...........gov.np) वा सामाजिक शाखाबाट प्राप्त गर्न सकिन्छ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:

१. संस्था दर्ता प्रमाण पत्र (नवीकरण सहित)

२. संस्थाको प्रोफाइल

३. करचुक्ता प्रमाणपत्र

४. लेखापरीक्षण प्रतिवेदन (विगत तीन वर्षको)

५. सम्बन्धित वडाको सिफरिस

अनुसूची-२

निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

............कार्यपालिकाको कार्यालय,

............, सिन्धुली ।

विषय: प्रस्ताव पत्र पेश गरिएको सम्बन्धमा

प्रस्तुत विषयमा तहाँ......पालिकाबाट मिति.................... मा सेफ हाउस सञ्चालनका लागि प्रस्ताव आह्वान गरिएको हुँदा सोही अनुसार तोकिएको म्याद भित्र देहायको विवरण सहित प्रस्ताव पत्र यसैसाथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

१. प्रस्तावक संस्थाको नाम:

२. प्रस्तावक ठेगाना :

३. सम्पर्क व्यक्ति: सम्पर्क नं :इमेल

४. संस्था दर्ता नं: दर्ता मिति:

५. दर्ता गरिएको निकाय:नवीकरण मिति :

६. संस्थाको सम्बन्धित कामको अनुभव:

७. संस्थाको क्षमता :

क) भौतिक पूर्वाधार

ख) मानव संसाधन

ग) आर्थिक क्षमता विगत तीन वर्षको आम्दानी खर्चको विवरण अडिट प्रतिवेदनमा आधारित

घ) सेफ हाउस सञ्चालनको अनुभव:

८.संस्थाले सेफ हाउसमा राख्न चाहेको लक्षित समूह:

निवेदक:

नाम, थर:

पद:

संस्था:

अनुसूची-३

साझेदारसंघ-संस्थासँग गर्ने सम्झौताको ढाँचा

..........पालिका र........................ संस्थाबीच सेफ हाउस सञ्चालन गर्ने र गराउने सम्बन्धमा गरिएको सम्झौता-पत्र

संरक्षण आवश्यकता महसुश गरिएका लक्षित वर्ग महिला, किशोरी वा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका वा अन्य संरक्षण विहीन व्यक्तिहरुको संरक्षण प्रयोजनको लागि ........पालिका (यस पछि पहिलो पक्ष भनिनेछ) र सेवा प्रदायक संघ-संस्था (यसपछि दोस्रो पक्ष भनिनेछ) बीच देहायको शर्तको अधीनमा रही सेफ हाउस सञ्चालन गर्न गराउन सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक-एक प्रतिबुझी लियौं दियौं ।

१. कार्यक्रम: लक्षित वर्ग महिला, किशोरी वा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका वा अन्य संरक्षण विहीन व्यक्तिहरुको संरक्षणको लागि सेफ हाउस सञ्चालन ।

२. सम्झौता अवधि :

३. पहिलो पक्षले निर्वाह गर्नु पर्ने दायित्व र जिम्मेवारी

१. पर्खाल कम्पाउण्ड सहितको आश्रय स्थल भवन उपलब्ध गराउने

२. विभिन्न सरकारी, गैरसहकारी संस्था, अन्तर्राष्ट्रिय दातृ निकाय समक्ष सहयोगको लागि आवश्यक सिफारिसर पहल गर्ने

३. नियमित अनुगमन र आवश्यक निर्देशन दिने

४. आवश्यक अन्य सहयोग गर्ने

४. दोस्रो पक्षको दायित्व र जिम्मेवारी

१. व्यवस्थापन समितिकोसिफारिसमा निर्देशक समितिको स्वीकृति लिई कुनै व्यक्ति, सरकारी, गैरसरकारी क्षेत्रका संघ-संस्थाबाट जिन्सी वा नगद सहयोग प्राप्त गर्न सक्ने ।सोको त्रैमासिक प्रगति प्रतिवेदन समिति मार्फत् निर्देशक समितिमा पेशगर्ने।

२.जोखिममा परेका लक्षित वर्ग किशोरी महिलाहरुको सीप विकास, क्षमता विकास तालिम सञ्चालन, उद्यमशीलता विकास वा जग्गा भाडामा लिईकृषि उत्पादन गर्ने यसरी गरेको उत्पादन विक्रीवाट आय आर्जन गर्न सक्ने ।

३. सेफ हाउसको रूपमा उपभोग गर्न उपलब्ध गराईएको घर जग्गा वा अन्य संरचनाको संरक्षण र सामान्य मर्मत सम्भार, पानी, विजुली, टेलिफोन इन्टरनेट आदि जडान तथा महसुल भुक्तानी गर्ने ।

४. जोखिममा परेका व्यक्तिहरुको पालनपोषण रेखदेख सामान्य औषधि उपचार, मनोसामाजिक परामर्श, न्यायिक प्रतिरक्षा, घरपरिवार समुदायमा पुनर्व्यवस्थापन, सीप विकास र आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने ।

५. विद्यालय जाने उमेरका बालबालिकाको हकमा औपचारिक शिक्षाको सुनिश्चितता, बालन्याय सुरक्षा सम्बन्धी व्यवस्था गर्ने।

६. प्राप्त सहयोगको लेखाराखे खर्चको विवरण व्यवस्थापन समिति मार्फत् निर्देशक समितिमा पेश गरी छलफल गराउने र सोही व्यवस्थापन समिति मार्फतप्रतिवेदन र अन्य अभिलेख पेश गर्ने ।

७. निर्देशक समिति तथा व्यवस्थापन समितिले गरेका निर्णयहरुको परिपालना गर्ने ।

७. जोखिममा परेको हिंसा पीडित किशोरी महिलाहरुको बढीमा १ वर्ष भित्र सम्भव भएसम्म घरपरिवार वा समुदाय अन्य सेवालयमा पुनर्स्थापना गरिसक्नुपर्नेछ । यो व्यवस्था विद्यालय जाने उमेरका वालवालिकालाई समेत लागू हुनेछ ।

५. सेवा प्रदायक साझेदार संघ-संस्थाले गर्न नपाउने विषयः

१. सहयोग माग गर्ने उद्देश्यले जोखिममा परेका व्यक्तिको प्रचार-प्रसार गर्न

२. बालश्रम गराउन

३. कानुनले बन्देज लगाएको वा अन्य कार्य गर्न ।

प्रथम पक्षको तर्फबाटःदोस्रो पक्षको तर्फबाटः

दस्तखतदस्तखत

नाम, थरः

पदः

नाम, थरः

पदः

साक्षी:

| | |
|---|---|
| पहिलो पक्षको तर्फबाट: | दोस्रो पक्षको तर्फबाट: |
| दस्तखत | दस्तखत |
| नाम, थर: | नाम, थर: |
| पद: | पद: |

## अनुसूची-४

## प्रतिवेदनको ढाँचा

१. सञ्चालित कार्यक्रमको नाम:

२. प्रतिवेदन अवधि:

३. प्रतिवेदन अवधिमा रहेका लक्षित वर्गको विवरण

| क्र.सं. | नाम, थर | उमेर | स्थायी ठेगाना | लिङ्ग | संरक्षण केन्द्रमा आउनुको कारण | निजको शारीरिक अवस्था | संरक्षण केन्द्रमा आउने माध्यम | परिवार सँग सम्पर्क भए नभएको | पुनर्स्थापना गर्न कसरी सकिन्छ? | सेफ हाउसमा प्रवेश मिति | सेफ हाउसबाट फर्किएको मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

४. शिक्षाको अवसर लिइ रहेका बालबालिकाहरुको विवरण

| क्र.सं. | नाम, थर | उमेर | अध्ययनरत कक्षा | अध्ययनरत विद्यालय | कुनै समस्या रहेमा जानकारी गराउने | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

५. आम्दानी खर्चको विवरण

| आम्दानी स्रोतहरु व्यक्तिगत/संस्थागत | कुल आम्दानी (रु.) | खर्चका शीर्षक | खर्च भएको रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| | | | | |

६. न्यायिक सहजीकरण

७. सामाजिक मनोविमर्श लगायत अन्य क्षेत्रमा गरिएका क्रियाकलाप र उपलब्धीहरु

८. देखिएका समस्या

९. समस्या समाधानका उपायहरु

१०. निष्कर्ष